

# “मेरो चाहना सरकारले मद्दत गरोस् भन्ने हो ”

नेपाल : भूकम्पपछिको नेपालमा सीमान्तकृतहरूको पर्याप्त आवासको अधिकार सुनिश्चित गरियोस् ।

AMNESTY INTERNATIONAL

**एम्नेस्टी इन्टरनेसनल सबैले मानवअधिकारको उपभोग गर्न पाउने विश्वका लागि अभियान गर्ने ७० लाख भन्दा बढी मानिसहरूको विश्वव्यापी आन्दोलन हो ।**

**हाम्रो दूरदृष्टि भनेको मानवअधिकारको विश्वव्यापी घोषणापत्र र अन्य मानवअधिकारका मापदण्डहरूमा स्थापित सबै अधिकारहरू हरेक व्यक्तिले उपभोग**

**हामी कुनै पनि सरकार, राजनीतिक विचार, आर्थिक स्वार्थ वा धर्मबाट स्वतन्त्र छौं र हाम्रो आर्थिक स्रोत विशेषगरी हाम्रो सदस्यता र सार्वजनिक चन्दा हो ।**

© एम्नेस्टी इन्टरनेसनल सन् २०१७
अन्यथा उल्लेख गरिएको अवस्थामा बाहेक, यस दस्तावेजको अन्तर्वस्तु क्रिएटिभ कमन्स् (एट्रिब्यूसन, ननकमर्सियल, नो डेरिभेटिभ्स्, इन्टरनेसनल ४.०)लाइसेन्स्अन्तर्गत सुरक्षित गरिएको छ । थप जानकारीका लागि हाम्रो वेबसाइट :www.amnesty.org मा रहेको अनुमति पृष्ठमा हेर्नुहोस् । सामग्री एम्नेस्टी इन्टरनेसनलबाहेकको कुनै प्रतिलिपि अधिकारबाहकको भनी उल्लेख गरिएको अवस्थामा यो सामग्रीमाथि क्रिएटिभ कमन्स् लाइसेन्स् लागु हुनेछैन ।
प्रथम पटक सन् २०१७ मा एम्नेस्टी इन्टरनेसनल लिमिटेडद्वारा प्रकाशित ।
पिटर बेनेन्सन हाउस, १ इस्टन स्ट्रिट, लण्डन WC1X 0DW यूके

*आवरण फोटो : धमिनी शेर्पा, २०७२ को भूकम्पमा आफ्नो घर गुमाउन पुगेकी नेपालको आदिवासी शेर्पा समुदायकी एकल महिला । सोही भूकम्पमा घर गुमाउन पुगेका भूमिहीन पदमबहादुर विश्वकर्माको भनाइ ।*
*© एम्नेस्टी इन्टरनेसनल*

**इन्डेक्स्: ASA 31/5957/2017**
**मूल भाषा : अङ्ग्रेजी**
**अनुवाद : मनोज कार्की**

**amnesty.org**

AMNESTY INTERNATIONAL

# परिचय : नेपालको भूकम्प २०७२

वि.सं. २०७२ बैशाख १२ गते नेपालमा ठूलो भूकम्प गयो, लगत्तै बैशाख २९ गते पनि अर्को भूकम्प गयो । त्यसको दुई वर्षपछि पनि लाखौं भूकम्प प्रभावितहरू अस्थायी आवासमा बसोबास गरिरहेका छन् । सुविधाबाट बञ्चित समूहहरू सबैभन्दा प्रभावित भएका छन्, जसमा सरकारी पुनर्निर्माण सहायताका लागि योग्य नभएका भूमिहीन पीडितहरू पनि पर्छन् ।

| **केही तथ्यहरू : नेपालको भूकम्प २०७२**[1] | |
|---|---|
| **रिक्टर स्केलमा बैशाख १२ र २९ भूकम्पको शक्ति** | ७.८ र ७.३ |
| **मृत्यु हुनेको संख्या** | ८,८५६ |
| **घाइते हुनेको संख्या** | २२,३०९ |
| **पूर्ण रुपमा ध्वस्त निजी घरको संख्या** | ६०२,२५७ |
| **आंशिक रुपमा ध्वस्त निजी घरको संख्या** | १४ |
| **भूकम्पबाट अति प्रभावित जिल्लाहरूको संख्या** | २८५,०९९ |
| **भूकम्पबाट आंशिक रुपमा प्रभावित जिल्लाहरूको संख्या** | १७ |
| **कुल क्षति** | **७ अर्ब अमेरिकी डलर** |
| **अन्तर्राष्ट्रिय दातृ निकायले वाचा गरेको सहायताको कुल रकम** | **४ अर्ब अमेरिकी डलर** |



*२०७२ को भूकम्पले भत्किएको दोलखा जिल्लाको एउटा घर ।*
*© एम्नेस्टी इन्टरनेसनल*

दोलखा जिल्लाकी भूकम्प प्रभावित कालीले भूकम्पको त्रासदीबारे एम्नेस्टी इन्टरनेसनलका अनुसन्धानकर्ताहरूलाई यसरी वर्णन गरिन् :



***"मेरो घर भूकम्पले ध्वस्त भएको हुनाले म त्यहाँ बस्न सकिनँ ।*** एक्कासि ढुंगा खसिरहेको हुनाले हामी त्यहाँबाट भाग्नु पऱ्यो । म खुला मैदानमा बसेँ । दोस्रो भूकम्प (पर कम्प) आएपछि, घर ***जगैदेखि भत्कियो .... सबै छिमेकीहरूले मेरो मद्दत गरे ।*** उनीहरूले त्यहाँबाट भत्केको काठ र लुगा निकाल्न मद्दत गरे । उनीहरूले सानो (अस्थायी) टहरा बनाइदिए ।"

कालीको कथा भूकम्पको १८ महिनापछि अभिलेख गरिएको थियो र अझै पनि उनी अस्थायी आवासमै बसोबास गर्छिन् । उनले आफ्नो घर पुनर्निर्माणका लागि मात्र सरकारबाट केही सहयोग प्राप्त गरेकी छन् । त्रिपाल र जस्तापाताले बनेका आवासमा दुई वटा जाडो र वर्षा बिताउने हजारौं प्रभावितमध्ये उनी पनि एक हुन् । राष्ट्रिय पुनर्निर्माणको प्रयास सुस्त छ र सरकारको पुनर्निर्माण योजनाको ढाँचामा आधारभूत कमीकमजोरीहरू छन्, जसबारे तल व्याख्या गरिएको छ ।

*नेपालको दोलखा जिल्लास्थित आफ्नो अस्थायी आवासमा दलित समुदायकी विधवा काली ।*
*© एम्नेस्टी इन्टरनेसनल*

---

1 *थप जानकारीका लागि, कृपया नेपालको गृह मन्त्रालयको वेबसाइट :* http://drrportal.gov.np/ndrrip/main.html?id=0 *(हेरिएको ७ अप्रिल २०१७ र भूकम्पपछि गरिएको विपद्पछिको आवश्यकता मुल्याङ्कन :* http://hrrpnepal.org/resources-documents/technical-standards-guidance-and-training/pdna/nepal-earthquake-2015-pdna-volume-a/ *(हेरिएको ७ अप्रिल २०१७ हेर्नुहोस् ।*

# राष्ट्रिय पुनर्निर्माण : प्रयास र कमीकमजोरीहरू

नेपाल सरकारले राष्ट्रिय पुनर्निर्माण कार्यलाई नेतृत्व दिने जिम्मेवारी बोकेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको गठन पहिलो भूकम्प गएको झण्डै आठ महिनापछि गयो। सरकारले अवलम्बन गरेको र दातृ निकायले सघाएको योजनाअनुसार सरकारसँग आवास सम्झौता हस्ताक्षर गरेपछि भूकम्प प्रभावितहरूलाई भूकम्पप्रतिरोधी घर निर्माण गर्न तीन किस्तामा अनुदान दिइन्छे। अनुदान वितरण गर्ने जिम्मेवारी पाएका बैंकहरूले अनुदान रकमको किस्ता प्रभावित व्यक्तिलाई उपलब्ध गराउँछन्। साथै, नेपाल सरकारले आफ्नो घर पुनर्निर्माण गर्न थप आर्थिक सहयोग चाहने भूकम्प प्रभावितहरूका लागि विना ब्याज र न्यून ब्याजदरमा ऋण उपलब्ध गराउने वाचा पनि गरेको छ।

राष्ट्रिय पुनर्निर्माण प्रयासहरू थालनी भएयता एम्नेस्टी इन्टरनेसनलले त्यससम्बन्धमा भएको प्रगतिलाई नेपाल सरकारको मानवअधिकार दायित्व, विशेषगरी नेपाल पक्ष राष्ट्र भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरूमा संरक्षित पर्याप्त आवासको अधिकारको दृष्टिकोणबाट अनुगमन गरिरहेको छ।

**आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (आइसीइएससीआर) को धारा ११ (१) मा उल्लेख छ :**

***"यस अभिसन्धिका पक्ष राष्ट्रहरूले हरेक व्यक्तिको आफू र आफ्नो परिवारको पर्याप्त खाना, कपडा तथा आवास र जीवनस्तरमा निरन्तर सुधार सहितको जीवनस्तरको अधिकारलाई मान्यता प्रदान गर्दछन्। पक्ष राष्ट्रहरूले यस अधिकारलाई साकार बनाउन आवश्यक कदमहरू चाल्नेछन् र त्यसमा स्वतन्त्र सहमतिमा आधारित अन्तर्राष्ट्रिय सहकार्यको अत्यावश्यक महत्वलाई उनीहरूले स्वीकार गर्नेछन्।"***

## १. भूमिहीनलाई पछाडि छाडिँदै



सरकारी आवास सम्झौताका लागि भूकम्प प्रभावितले भूकम्प पीडितको परिचयपत्र, नागरिकताको प्रमाणपत्र र जग्गाधनीको लालपुर्जा प्रस्तुत गर्न आवश्यक छ। यसले तत्कालै जग्गाधनीको कागजपत्र वा भूमिसँग उनीहरूको सम्बन्ध देखाउने कागजपत्र (जस्तै : मोहीको सम्झौता) नभएका अथवा भूमिहीन (जस्तै : सुकुम्बासी) लाई अनुदानबाट बञ्चित गर्दछ। नेपालको झण्डै २५ % जनसङ्ख्या भूमिहीन भएको अनुमान छ। महिला, आदिवासी समुदाय, दलित र अन्य जातमा आधारित र जातीय अल्पसङ्ख्यकहरू अधिकांश/असमानुपातिक तरिकाले प्रभावित छन्।

*हजारौं भूकम्प प्रभावितहरू अझै पनि त्रिपाल र जस्तापाताले बनेको अस्थायी टहरामा बसोबास गर्दै आएका छन्। © एम्नेस्टी इन्टरनेसनल*

पेमा शेर्पा त्यस्तै एक व्यक्ति हुन्। धेरै वर्षदेखि उनी र उनको श्रीमान् अरु कसैको जग्गामा बनेको घरमा बसोबास गर्दै आइरहेका थिए। उनीहरूको घर बैशाखको भूकम्पमा ध्वस्त भयो र अहिले उनीहरूसँग आश्रय लिने कुनै ठाउँ छैन, र नयाँ घर बनाउने पैसा पनि छैन।

***"यदि मसँग पैसा भए, मैले जग्गा किन्न सक्ने थिएँ, तर मसँग पर्याप्त पैसा छैन...अब यहीं बसिरहन सम्भव छैन, यो जग्गा उनीहरूको हो।"***

अर्की भूमिहीन भूकम्प प्रभावित तारा श्रेष्ठले एम्नेस्टी इन्टरनेसनलका अनुसन्धानकर्ताहरूलाई बताइन् :

***"यदि मसँग लालपुर्जा भएको भए कुरा अर्कै हुने थियो ...हामी राम्रो मनले ढुक्कसँग बस्न सक्ने थियौं ...अब आफ्नै नाममा छैन, न आज उठाउँछन् न भोलि उठाउँछन्।"***

एम्नेस्टी इन्टरनेसनलले धेरै व्यक्तिहरूको अन्तर्वार्ता लियो जसका जग्गाधनीहरूले भूकम्पमा उनीहरूले गुमाएको घर पुनर्निर्माण गर्नका लागि आवश्यक कागजपत्रमा हस्ताक्षर गर्न अस्वीकार गरे। उदाहरणका लागि, ९० वर्षीय पदमबहादुर विश्वकर्मा जग्गामालिकको जग्गामा बनेको घरमा करिव ४०-४५ वर्षदेखि बसोबास गर्दै आइरहेका थिए। उनको घर भूकम्पमा ध्वस्त भयो, र उनले सो जग्गामा उनको घर रहेको कुरालाई मान्यता प्रदान गर्न र सरकारी अनुदान प्राप्त गर्न आवश्यक सनाखतमा हस्ताक्षर गर्न अनुरोध गर्दा जग्गाधनीले अस्वीकार गरे। पदमबहादुर भन्छन्, "यहाँ मेरो सिन्काको प्रमाण केही छैन। जग्गाधनीबाट आधिकारिक कागजपत्र प्राप्त नगरेको हुनाले मैले रु ५०,००० प्राप्त गर्न सकिनँ। अब मेरो ठूलो समस्या भनेको म दुःख कष्टमै मर्ने भएँ...मेरो मृत्यु भएको दिनदेखि उनीहरूले मेरी श्रीमतीलाई यहाँ बस्न दिने छैनन्। कहाँ जालिन्, के गर्लिन् होला।

# २. लाभग्राही सूचीमा छुट गएको



*२०७२ को भूकम्प यता सरकारले पुनर्निर्माण सहायताको आवश्यकता रहेको वैधानिक भूकम्प पीडितहरूको गणना गर्ने काम तीन पटक गरिसकेको छ । भूकम्पको केही दिन पछि स्थानीय गाउँ विकास समितिहरूबाट स्थायी शिक्षक र अगुवामार्फत एउटा सर्वेक्षण भएको थियो । त्यसको एक महिनाभित्रै, जिल्ला दैवी प्रकोप राहत समितिले अर्को सर्वेक्षण गर्‍यो, जसबाट मानिसहरूले भूकम्प पीडित परिचय पत्र प्राप्त गरे । सन् २०१६को सुरुमा केन्द्रीय तथ्याङ्क विभागले अन्तिम सर्वेक्षण गरी लाभान्वितहरूको सूची तयार गर्‍यो ।*

*तथ्याङ्क विभागको परिणाम पहिलो दुई वटा समीक्षा भन्दा निकै फरक थियो र प्राविधिक त्रुटि र घरपरिवारको परिभाषासम्बन्धमा स्पष्टताको अभावका कारण अन्य दुई सर्वेक्षणमा पहिचान भएका हजारौं घरपरिवारहरू तथ्याङ्क विभागको सर्वेक्षणमा छुट्न पुगे ।*

*दोलखा जिल्लामा स्थापना भएको भूकम्प प्रतिरोधी घर निर्माण गर्ने तरिका बताउने सूचना पाटी । © एम्नेस्टी इन्टरनेसनल*

उदाहरणका लागि दमिनी सार्कीको उनकी भतिजा बुहारी काली (माथि) सँग संयुक्त स्वामित्व भएको जग्गामा बनेको छुट्टै घर भए तापनि उनी लाभग्राही सूचीमा परिनन् । त्यही जग्गामा घर भएकी काली भने एकल लाभान्वितका रुपमा सूचीकृत भइन् ।



## उजुरी

लाभग्राहीहरूको सूचीमा छुटेकाहरूले उजुरी दर्ता गर्न सक्ने व्यवस्था थियो । १९ मार्च २०१७ सम्म १४ अति प्रभावित जिल्लाहरूबाट कुल २०५,३३५ उजुरीहरू दर्ता भएका थिए । दोलखा जिल्लामा मात्र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसमक्ष भूकम्प प्रभावितका २१,७१२ वटा उजुरीहरू दर्ता भए । तिनमा उदाहरणका लागि, तथ्याङ्क विभागको मूल सर्वेक्षणमा छुटेका कारण अनुदान प्राप्त नगरेको वा आफ्नो मूल घर रहेको जग्गा आफ्नो स्वामित्वमा नरहेका कारण पुनर्निर्माण अनुदानमा दावी गर्न नसकेकोलगायत रहेका थिए । यद्यपि, उजुरी दर्ता गर्ने कसैलाई पनि त्यसको सम्बोधन कहिले हुने भन्ने बारेमा जानकारी थिएन, त्यसमा दमिनी सार्की पनि एक थिइन् :

***"छुटेका नामहरू दशैं (नोभेम्बर २०१६) पछि आउने हल्ला सुनेकी छु, तर मलाई थाहा भएन ।"***

*दोलखा जिल्लास्थित आफ्नो अस्थायी छाप्रो अगाडि दमिनी सार्की । © एम्नेस्टी इन्टरनेसनल*



*मैना थामीको नाम पनि लाभान्वितहरूको सूचीमा छुट्न गयो । उनी आफ्ना पति र छोराछोरीकासाथ सासुससुरासँग एउटै घरमा तर छुट्टै घरपरिवारका रुपमा बस्दै आएकी थिइन् । उनका ससुराले अनुदान प्राप्त गरे किनभने सो घर र जग्गा उनकै नाममा दर्ता थियो । तर मैनाको परिवारले कुनै सहयोग प्राप्त गरेन । उनका ससुराले सरकारी नमूना अनुसारको भूकम्पप्रतिरोधी घर निर्माण गरे तर निकै सानो भएका कारण मैना, उनका पति र छोराछोरी त्यहाँ बस्न सकेनन् । फलस्वरुप उनीहरूले वेग्लै घर बनाउन ठूलो ऋण लिएका छन्, जसले उनीहरूलाई ऋणमा डुबाउने काम गरेको छ ।*

*दोलखाको अलम्पु गाविसस्थित आफ्नो नयाँ घरमा मैना थामी । © एम्नेस्टी इन्टरनेसनल*

# ३. अनुदान प्राप्त गर्न व्यवधानहरू



© एम्नेस्टी इन्टरनेसनल

## शाखारहित बैंकिङ्ग

सरकारले रु ३००,००० (करिब २,२९० अमेरिकी डलर)को अनुदान लाभान्वितहरूलाई तीन किस्तामा उपलब्ध गराइरहेको छ । यसलाई निर्माणको चरणहरूसँग सम्बन्धित गरिएको छ, जसमा अर्को भुक्तानी पाउनु अघि इन्जिनियरहरूले निर्माणका चरण भूकम्पप्रतिरोधी चरणहरू अनुरुप रहेको प्रमाणित गर्नुपर्छ । किस्ता वितरण गर्ने जिम्मेवारी बैंकहरूलाई तोकिएको छ, जुन कार्य उनीहरूको नियमित क्रियाकलाप अतिरिक्त हो । केही अवस्थामा विनियोजित जिल्ला बैंकहरूको शाखा कार्यालय थिएन, र उनीहरूले सीमित सीमारहित बैंकिङ्ग वितरण केन्द्रको व्यवस्था गरे । यसको संख्या २०० बाट ६०० बनाउन सहजीकरण गर्ने प्रतिबद्धताबाट सरकार पछि हट्यो ।

सीमित वितरण केन्द्रको प्रत्यक्ष परिणामस्वरुप एम्नेस्टी इन्टरनेसनलले किस्ता बुझ्न जान चाहने लाभान्वितहरूले लामो समय यात्रा गनुपरेको र पैसा, समय र स्वास्थ्यका दृष्टिकोणले भार खेप्नु परेको धेरै उदाहरणहरू अभिलेख गर्‍यो । वृद्ध र अपाङ्गता भएका व्यक्तिसहित सीमान्तकृत भूकम्प पीडितहरू सबैभन्दा नजिकको वितरण केन्द्रसम्म पुग्न धेरै घण्टा पैदल यात्रा गर्नु परेको वा यात्रा गर्ने अन्य अझ महँगो माध्यम रोज्न बाध्य हुनुपरेको थियो ।

गरिबीमा रहेकाहरूका लागि सम्पूर्ण बाटो पैदल यात्रा गर्नु एक मात्र विकल्प हो । मंगलवीर थामी (दायाँ तस्विर)को शरीरको दायाँ भाग विगत २६ बर्ष देखि प्यारालाइसिसले ग्रस्त छ र गाउँबाट पदैल आउनु बाहेक उनीसँग अर्को विकल्प थिएन । एम्नेस्टी इन्टरनेसनलका अनुसन्धाकर्ताहरूले उनलाई बैंक जाँदै गर्दा बाटोमा भेट्दा बजारसम्म पुग्न अझै कति समय लाग्ने हो र त्यस रात उनी कहाँ सुत्नेछन् भन्ने बारेमा स्पष्ट थिएनन् । स्वस्थ शरीर भएको व्यक्तिका लागि पनि सो यात्रा पाँच देखि छ घण्टा लाग्ने गर्दछ ।



© एम्नेस्टी इन्टरनेसनल



***"मैले के गर्न सक्छु र ? बाटोमै मरिने भयो भने पनि जानै पर्‍यो ।"***

*अलम्पुकी ७५ वर्षीया डबली शेर्पा (बायाँ तस्विरमा) किस्ताको रकम बुझ्न धेरै घण्टा हिंडेर सिंगटी बजार पुगेकी थिइन् तर फेरि हिंडेरै फर्कन कठिन हुने भएकाले उनी त्यसै रात ट्रकमा घर फर्केकी थिइन् । त्यसको भोलिपल्ट एम्नेस्टी इन्टरनेसनलका अनुसन्धानकर्ताहरूले उनको अन्तर्वार्ता लिंदा यात्राबाट थकित भएर उनी ओछ्यान परेको भेटिइन् ।*

*© एम्नेस्टी इन्टरनेसनल*

## त्रुटिपूर्ण सिफारिस प्रणाली

***"मेरा श्रीमान् मलेसिया गएको दुई वर्ष भइसक्यो । र आज (पुनर्निर्माणको) पैसा लिन जाँदा, उनीहरूले जग्गाको लालपुर्जामा नाम भएको व्यक्तिकै हस्ताक्षर चाहिने भने ।"***

धनमाया थामी - अलम्पु गाविस, दोलखा जिल्ला

लाभग्राहीको सूचीमा नाम भएको व्यक्ति स्वयम् उपस्थित भएर अनुदानको रकम प्राप्त गर्नुपर्छ । उनीहरू त्यसो गर्न असक्षम भएमा, सिद्धान्ततः एउटा सिफारिस प्रणाली रहेको छ जसअनुसार तोकिएको प्रतिनिधिले त्यो रकम संकलन गर्न सक्नेछ । यद्यपि, एम्नेस्टी इन्टरनेसनलले सिफारिस प्रणालीको कार्यान्वयनमा धेरै समस्याहरू रहेको पायो, जसले वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति र श्रीमान् विदेशमा रहेका महिलाहरूलाई प्रभावित गरेको छ र त्यसकारण उनीहरूले पुनर्निर्माणको काम सुरु गर्न सकेका छैनन् ।



उदाहरणका लागि, अनुदान वितरण केन्द्रसम्म चार घण्टा हिंडेर पुगेकी धनमाया थामी (बायाँ तस्विरमा) लाई रकम दिन अस्वीकार गरियो किनभने जग्गाको लालपुर्जामा उनको नभएर उनका पतिको नाम थियो । स्थानीय पदाधिकारीले उनको सिफारिस पत्रमा हस्ताक्षर गरेको भए तापनि उनलाई अनुदान रकम दिइएन । एम्नेस्टी इन्टरनेसनलका अनुसन्धानकर्ताहरूले उनी र उनको नन्दलाई फर्कंदै गरेको भेट्दा उनीहरूले आफ्नो खुट्टा दुखिरहेको र बेकारमा एक दिन खेर फालेको गुनासो व्यक्त गरे । उनीहरू हतार हतार घर फर्किरहेका थिए किनभने उनीहरूलाई "छोराछोरी रुने र खसी तथा गाईवस्तु पनि भोखै मर्ने" चिन्ता थियो ।

*© एम्नेस्टी इन्टरनेसनल*

एक अधिकारीका अनुसार उनीहरूको वर्णन अपवाद होइन । पति विदेशमा रहेका केही महिलाहरू आफूले रकम पाइहालिन्छ कि भनेर अनुदान वितरण केन्द्रसम्म तीन-चार पटकसम्म पुगेका थिए ।

## रसिद र सूचना स्थानीय भाषामा थिएन

अनुदान प्राप्त गर्न क-कसको नाम दर्ता छ भनेर बताउने आधिकारिक सूचना र अनुदान प्राप्त गरेका व्यक्तिलाई दिइने महत्वपूर्ण जानकारी समावेश भएको बैंकको रसिद अङ्ग्रेजी भाषामा रहेको एम्नेस्टी इन्टरनेसनलले पायो ।

उदाहरणका लागि मार्च २०१६ मा एम्नेस्टी इन्टरनेसनलका अनुसन्धानकर्ताहरूले पति विदेशमा रहेका कारण पुनर्निर्माण अनुदान प्राप्त गर्न सानो बच्चसहित एक दिन हिंडेर बैंक खाता खोल्न आएकी आदिवासी महिला (थामी)लाई भेटेका थिए । सबै कागजी प्रक्रिया र औंठा छाप लगाउने काम पछि गाउँलेहरूलाई एउटा रसिद दिइयो र त्यहाँ रहेको टेलिफोन नम्बरमा १० देखि १२ दिन भित्र फोन गरेर चेक बुक लिन आउने मौखिक निर्देशन दिइयो । टेलिफोन नम्बरसहित रसिद अङ्ग्रेजीमा थियो र त्यो देखेर ती थामी महिलाले सोधिन्, यो मैले कसरी पढ्न सक्छु र ? यो निरन्तरको समस्या रह्यो जसले निरक्षर र अङ्ग्रेजी पढ्न नसक्नेहरूलाई प्रभावित गर्‍यो, जसमा बहुसंख्यक ग्रामीण बासिन्दा थिए ।२
एम्नेस्टी इन्टरनेसनल



*© एम्नेस्टी इन्टरनेसनल*

# ४. पुनर्निर्माणमा ढिलाइको परिणाम : ऋण

© एम्नेस्टी इन्टरनेसनल



*"मसँग पैसा छैन तर मैले मेरा छोराछोरीलाई खाना र लुगाको जोहो गर्नुपर्छ ।" शान्तिमाया थामी, सुस्पा-क्षमावती गाविस, दोलखा जिल्ला*

एम्नेस्टी इन्टरनेसनलद्वारा अन्तर्वार्ता लिइएका भूकम्प प्रभावितहरूले उनीहरू अस्थायी टहराहरूमा कसरी बसे, जीवन गुजारा गरे र सीमित जीविकोपार्जनका विकल्पहरूमार्फ भूकम्पपछि कसरी आफ्नो जीवन सहज पारे भन्ने बारेमा बताए । अन्तर्वार्ता दिने अधिकांश व्यक्तिहरूले स्थानीय साहु र सहकारी संस्थामार्फत विभिन्न व्याजदरमा पैसा सापट लिएको बताए । पानीपोखरी सुस्पा-क्षमावतीका विस्थापितहरूसँगको एउटा समूहगत छलफल कार्यक्रममा थामी पुरुषहरूले स्थानीय साहुसँग कम्तीमा पनि ३६ प्रतिशत व्याजमा ऋण लिएको र सहकारीबाट ऋण लिंदा २८ प्रतिशत व्याज तिर्नु परेको बताए । हरि श्रेष्ठले २५ प्रतिशत व्याजमा अस्थायी छाप्रो बनाउन रु ५०,००० ऋण लिए र दैनिक छाक टार्न एक जोडी भैंसी विक्री गरे । भूकम्प नगएको भए यस्तो विपत्ति आफूले भोग्नु नपर्ने र ती भैंसी विक्री गर्नुपर्ने अवस्था नआउने उनले बताए ।

सरकारले भूकम्प पीडितहरूका लागि व्याज रहित ऋणको व्यवस्था गरेको छ । तथापि, ऋण चुक्ता गर्न सक्ने धरौटी उपलब्ध गराउन नसक्ने भूकम्प प्रभावित गाउँलेहरूले त्यस्तो ऋणमा पहुँच प्राप्त गर्ने सम्भावना न्यून छ ।



# ५. पुनर्निर्माणमा खर्चको भार

मध्य डिसेम्बर २०१६ मा नेपाल सरकारले घरधनीहरूले सरकारद्वारा स्वीकृत भूकम्पप्रतिरोधी घरका १७ वटा नमूनामध्ये कुनै एक प्रयोग गर्नसक्ने वा भूकम्प प्रतिरोधी निर्देशिका पालना गर्ने आफ्नै ढाँचा अनुरुपको घर निर्माण गर्नसक्ने घोषणा गऱ्यो । एक दाताले बताएअनुसार सो नमूना नक्सामा उल्लेख गरिए अनुसारको श्रमिक र सामग्री प्रयोग गरेर सबैभन्दा सस्तो नमूनाको घर निर्माणको खर्च गणना गर्ने हो भने भूकम्प प्रभावितले रु २० लाख देखि २५ लाख खर्च गर्नुपर्ने हुन्छ । यो भूकम्प प्रभावितहरूका लागि सरकारले दिएको रु ३००,००० को अनुदानभन्दा धेरै ठूलो रकम हो । पहिला नै सुविधाबाट बञ्चित गरिएको अवस्थामा रहेकाहरूका लागि पुनर्निर्माणको खर्च थप कठिनाइको मुख्य पक्ष थियो । यसमा बढ्दो श्रम मूल्य सबैभन्दा प्रमुख विषय हो, जुन भूकम्प जानु अगाडिको रु ५०० देखि ६०० सम्मबाट अहिले रु १,००० भन्दा माथि पुगेको छ ।

***"भूकम्प अघि हामी सामानहरू सस्तै पाउँथ्यौं, तर अहिले सबै कुरा महँगो भएको छ ।"***

किर्ती थामी, विगु गाविस, दोलखा जिल्ला

*© एम्नेस्टी इन्टरनेसनल*

# ६. सूचना र परामर्शको अभाव

पुनर्निर्माणसम्बन्धी कार्यक्रमहरूको अर्थपूर्ण बुझाइका लागि आवश्यक सूचना जनतासँग रहेको सुनिश्चित गर्नुपर्ने आफ्नो दायित्व पूरा गर्न नेपाली सरकार असफल रह ्यो । एम्नेस्टी इन्टरनेसनले अन्तर्वार्ता लिएका भूकम्प प्रभावितहरूले हामीलाई ती सूचना स्थानीय अगुवाहरूले बाटोमा सूचित गर्ने देखि, छिमेकीबाट थाहा पाउने वा गाविस कार्यालयमा सूचनाको आधिकारिता पुष्टि गर्ने सम्म रहेको बताए ।



**काली**ले प्रक्रियालाई व्याख्या गर्ने क्रममा उनको नाम लाभग्र ाहिहरूको सूचीमा समावेश गरिएको हल्ला उनले सनेको बताइन् । गाविसको भित्तामा टाँसिएको अनुदान पाउने व्यक्तिहरूको सूचीमा उनको नाम पनि रहेको कसैले उनलाई बताए । पहिलो किस्ता निश्चित मितिमा बैंकमा गएर लिनुपर्ने भन्ने अर्को हल्ला उनले सुनिन् । कालीका लागि त्यसले काम गरे तापनि अन्तर्वार्ता दिने अन्य व्यक्तिहरूबाट त्यहाँ सूचनाको अभाव थियो र हल्लामाथिको निर्भर ता सदैव सान्दर्भिक वा भरपर्दो थिएन भन्ने स्पष्ट हुन्थ्यो । साँस्कृतिक रुपमा उपयुक्त घरको नमूना, बैंकिङ्ग सेवा र निर्माण सामग्रीको उपलब्धताबारे भूकम्प प्रभावितहरूसँग पर ामर्शको स्पष्ट अभाव थियो ।

भूकम्पबाट प्रभावित व्यक्तिहरूसँग सल्लाह परामर्श कठिन र हेको भए तापनि सरकारका विभिन्न तहबीच पनि पर ामर्श, सूचना र समन्वयको अभाव थियो ।

*दोलखा जिल्लाको सिंगटी बजारमा सरकारले प्रदान गरेको पहिलो किस्ताको रकम लिन आधिकारिक कागजपत्रका साथ लामबद्ध भूकम्प प्रभावितहरू ।*

*© एम्नेस्टी इन्टरनेसनल*

दोलखा जिल्लाको काभ्रे गाविसका सचिव नार ायणप्रसाद दाहालको शब्दमा :

***"स्थानीय तहमा काम कसरी गर्ने भनेर सोध्ने संस्कृति हाम्रो छैन, हामीलाई केन्द्रले जे गर्न भन्छ त्यही गर्छौं । केन्द्रले जे देख्यो त्यही लेख्यो र केन्द्रबाट यहाँ आउँदासम्म, समस्या सिर्जना भयो ।"***



*© एम्नेस्टी इन्टरनेसनल*

# सिफारिसहरू

## सरकार

- सबैको पर्याप्त आवासको अधिकार सुनिश्चित गर्ने, र त्यसमा भूमिहीन व्यक्तिसहित सबैभन्दा सुविधाबाट बञ्चित व्यक्तिहरूलाई प्राथमिकता प्रदान गर्ने;
- भूकम्पमा घर गुमाउन पुगेका भूमिहीन व्यक्तिहरूले नगद अनुदान पाएको सुनिश्चित गर्ने, र त्यसका लागि वडा स्तरमा र समुदायको नेतृत्व रहेको प्रक्रियामार्फत अनुसन्धान गर्ने र उनीहरूको लामो समयदेखि रहेको घरको अवस्था र भूकम्पमा घर भत्किएको भन्ने कुरा प्रमाणित गर्न छिमेकीहरूको बयानलाई स्वीकार गर्ने;
- स्थानीय स्तरमा शाखारहित बैंकिङ्ग केन्द्र र नगद अनुदान वितरण शिविरहरू रहेको सुनिश्चित गर्न र जिल्लामा शाखाहरू रहेको बैंकहरूमात्र अनुदान वितरण गर्न छनौट गरिएको सुनिश्चित गर्न अनुदान वितरण प्रणालीको ढाँचा परिवर्तन गर्ने;
- सीमान्तकृत समुदायहरू (दुर्गम गाउँहरूमा बसोबास गर्ने समेत) लाई निर्माण सामग्रीका लागि ढुवानी सहुलियतसहित घर पुनर्निर्माणका लागि पर्याप्त अनुदान उपलब्ध गराउने;
- सिफारिस प्रणालीलाई स्पष्ट पार्ने र त्यसलाई पूर्ण रुपमा कार्यान्वयन गर्ने;
- आउँदो वर्षा र जाडो मौसमका लागि भूकम्प प्रभावित व्यक्तिहरूका लागि आवश्यक हुने अतिरिक्त आश्रय सामग्री उपलब्ध गराउने व्यवस्था गर्ने;
- पुनर्निर्माण र बैंकिङ्ग सेवासम्बन्धी जानकारी गाउँ स्तरमा एसएमएस, रेडियो र सूचनामार्फत सबैले बुझ्न सक्ने भाषामा वितरण गर्ने;
- छिटो समाधान सुनिश्चित गर्न उजुरीहरूको व्यवस्थापन स्थानीय सरकारले गर्ने ।

## दाताहरू

- नेपाली सरकारलाई जाने सबै अन्तर्राष्ट्रिय अनुदान र सहयोग गैरभेदभावपूर्ण रुपमा निर्देशित र वितरण भएको, र सबैभन्दा सुविधाबाट बञ्चित व्यक्तिहरूलाई प्राथमिकता प्रदान गरेको र लैङ्गिक समानतालाई प्रवर्द्धन गरेको दाता र दातृ निकायहरूले सुनिश्चित गर्नुपर्छ ।
- नेपाली सरकारलाई आर्थिक वा प्राविधिक सहयोग उपलब्ध गराउने दाता र अन्य सरकार तथा अन्तर्राष्ट्रिय निकायहरूले आफूले प्रदान गरेको सहयोग वा समर्थन गरिरहेको कार्यक्रमले मानवअधिकार उल्लङ्घनलाई बढावा नदिएको सुनिश्चित गर्न सुरक्षा उपायहरू अवलम्बन गर्नुपर्छ ।



*दोलखा जिल्लास्थित आफ्नो भत्केको घर अगाडि नुरबहादुर माझी । © एम्नेस्टी इन्टरनेसनल*

एम्नेस्टी इन्टरनेसनल मानवअधिकारका लागि एउटा विश्वव्यापी आन्दोलन हो । एउटा व्यक्ति अन्यायमा पर्दामा पनि त्यो हामी सबैको सरोकारको विषय हो ।


हामीलाई सम्पर्क गर्नुहोस्

info@amnesty.org

+४४(०)२०७४१३५५००

वार्तालापमा सहभागी हुनुहोस्

www.facebook.com/AmnestyGlobal

@Amnesty

# “मेरो चाहना सरकारले मद्दत गरोस् भन्ने हो ”

## नेपालः भूकम्पपछिको नेपालमा सीमान्तकृतहरूको पर्याप्त आवासको अधिकार सुनिश्चित गरियोस् ।

वि. सं. २०७२ बैशाख १२ गते नेपालमा ठूलो भूकम्प गयो, लगत्तै बैशाख २९ गते पनि अर्को भूकम्प गयो । त्यसको दुई वर्षपछि पनि लाखौं भूकम्प प्रभावितहरू त्रिपाल र जस्तापाताले बनेका अस्थायी टहरामा बसोबास गरिरहेका छन् । सुविधाबाट बञ्चित समूहहरू सबैभन्दा प्रभावित भएका छन्, जसमा सरकारी पुनर्निर्माण सहायताका लागि योग्य नभएका भूमिहीन व्यक्तिहरू पनि पर्छन् ।

सुविधाबाट बञ्चित समूहका भूकम्प प्रभावितहरूले दुःखकष्टका आफ्ना कथाहरू एम्नेस्टी इन्टरनेसनलसँग उदार मनले बाँड्ने काम गरे । उनीहरूको अनुभवले पुनर्निर्माण प्रयासहरुमा रहेको कमीकमजोरीहरूमाथि प्रकाश पार्दछ, जसलाई नेपाल सरकारले तत्कालै सम्बोधन गर्न जरुरी छ ।

इन्डेक्स : ASA 31/5957/2017
महिना/बर्ष : अप्रिल २०१७
भाषा : नेपाली


AMNESTY INTERNATIONAL